शुद्धोधन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लवनी, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

शुद्धोधन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लवनी,कपिलवस्तु

**तह वृद्धिका लागि आवेदन फारम पेश गर्ने सम्बन्धी सूचना**

**तह वृद्धि सूचना नं. ०२/२०८१/८२**

(सूचना प्रकाशित मितिः २०८२/०३/११)

ने.स. ११४५, तछलागा, आमै

लुम्बिनी प्रदेश स्थानीय निजामती सेवाको गठन, संचालन तथा सेवाको शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१ को दफा ३१ बमोजिम तह वृद्धि हुने पद भन्दा एक तह मुनिको पदमा पाँच बर्षको अवधि पूरा भएका, पछिल्लो पाँच बर्षको कार्यसम्पादन मूल्याङ्कनमा औसत नब्बे प्रतिशत अंक प्राप्त गरेका, आवश्यक भौगोलिक क्षेत्रमा अनुभव प्राप्त गरेका, दफा ३४ बमोजिम अवस्था विद्यमान नरहेका उपयुक्त उमेद्वारहरुले पाँचौ/छैंटौ/सातौं/आठौं तहमा तह वृद्धि हुन चाहेमा तह वृद्धि हुनका लागि यस कार्यालयमा स्थानीय निजामती सेवा नियमावली, २०८१ को नियम ४८ अनुसार अनुसूची-१६ बमोजिमको ढाँचामा सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित यस कार्यालयको प्रशासन शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित कर्मचारीहरुलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

(१). व्यक्तिगत निवेदन,
(२). नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
(३). हालको पदमा नियुक्ति/समायोजन/बढ्वा पत्रको प्रतिलिपि,
(४). अद्यावधिक वैयक्तिक विवरणको प्रतिलिपि,
(५). पछिल्लो पाँच बर्षको कार्यसम्पादन मूल्याङ्कन फारम पेश गरेको कार्यालयको विवरण,
(६). हालसम्म विभागीय कारबाहीमा नपरेको तथा प्रचलित कानून बमोजिम तह वृद्धिका लागि अयोग्य नरहेको स्वघोषणा,
(७). तोकिएको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि ।

२०८२/३/११

धनिश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत